नगरस्तरीय प्रथम स्वच्छन्द भैरव खुल्ला कराते प्रतियोगितामा आयोजकलाई उपाधि । पृष्ठ ५ मा


विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१५, ● अंक-१७ ● २०७९ कात्तिक २१ गते सोमबार, ● 07 Nov. 2022, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## मतदान केन्द्रमा निर्वाचन सामाग्री पठाउने तयारी



◆ विकास संवाददाता

मकवानपुरको क्षेत्र नम्बर-१, २ र चार वटै प्रदेशसभाका निर्वाचन क्षेत्रमा कर्मचारीलाई मतदानको दिनमा पठाउने सामाग्री तयार गर्नमा कर्मचारी हिजो आज निकै व्यस्त रहेका छन् । मुख्य निर्वाचन अधिकृतका कार्यालयमा कर्मचारीहरू बिहान देखि राती सम्म प्रत्येक मतदान केन्द्रमा पठाउने मतपत्र प्याक गर्ने, शिल गर्ने लगायतका काममा व्यस्त रहेका छन् ।

यता निर्वाचन कार्यालयमा भने मतदानको दिनमा चाहिने सामाग्रीको तयारी गरिदै छ । निर्वाचनको तयारीका लागि कर्मचारीहरू निरन्तर खटिएको मकवानपुरका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले बताए । दुई दिन देखि भने निर्वाचन आयोगबाट मकवानपुरका लागि छुट्टीएर आएको प्रतक्ष तर्फको मतपत्र प्याक गरेर राख्ने काम भइरहेको छ । अबको केही दिनमा मतदान अधिकृत र सहायक अधिकृतलाई तालिम दिएर मतदान केन्द्रमा खटाउने भएकाले यसको लागि मतपत्र केन्द्रनै पिच्छे छुट्याएर राख्ने काम भइरहेको हो ।

मकवानपुरका दश वटै स्थानीय तहका मतदान केन्द्रलाई चाहिने मतपत्र आइसकेको मुख्य निर्वाचन अधिकृत निरौलाले बताए । निर्वाचनका लागि आवस्यक सामाग्री प्याकिङ हुँदै हुदै गरेको उनले बताए । समानुपातिकको मतपत्र पहिलेनै आएको र प्रतक्ष तर्फको मतपत्र पनि हिजो हेटौंडामा आइपुगेको छ । निर्वाचनका लागि आवस्यक पर्ने विभीन्न थरीका सामाग्रि पनि आइसकेर अहिले जिल्ला निर्वाचन कार्यालयमा प्याकिङको काम भइरहेको उनले बताए । निर्वाचनका लागि प्रत्येक मतदान केन्द्रमा पठाइने मतपत्र र निर्वाचनका लागि आवस्यक विभिन्न थरीका सामाग्रीहरू कर्मचारीलाई तालिमपछि हस्तान्तरण गरिने निरौलाले बताए ।

निर्वाचनमा सकेसम्म बिभीन्न कार्यालयमा कार्यरत कर्मचारी खटाउने तयारी भएको उनले बताए ।


**प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९**

**सबैले पालना गर्नुपर्ने आचारसंहिता**

- निर्वाचनको विश्वसनियतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर गर्ने गरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने
- कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरुपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नहुने ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९
४ मंसिर

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


## 'थाहा फोटो प्रदर्शनी, २०७९'

# १३ हजारले अवलोकन गरे

विकास संवाददाता
थाहानगर



पर्यटकीय नगरी 'थाहा'को फोटो काठमाण्डौंको वसन्तपुरमा ३ दिनसम्म प्रदर्शनी गरिएको छ । थाहा नगर पालिकाको आयोजनामा १८, १९ र २० कात्तिकमा भएको फोटो प्रदर्शनीमा १३ हजारले अवलोकन गरेको प्रदर्शनी व्यवस्थापक संस्था फरक सोचका संयोजक यादवजंग रायमाझीले जानकारी दिए ।

'थाहा फोटो प्रदर्शनी, २०७९' नाम दिई प्रदर्शन गरिएको कार्यक्रममा नेपाललगायत विदेशी पर्यटकहरूले समेत अवलोकन गरेको र उनीहरूले थाहानगरको पर्यटकीय स्थलहरूको फोटो मन पराएको रायमाझीले बताए । 'नेपालीको तुलनामै विदेशीहरूले समेत फोटो खरिद गरे, यो पर्यटन प्रवर्द्धनको आकर्षण पनि हो'-फरक सोचका संयोजक रायमाझीले भने-'सबैभन्दा बढि जर्मन अनि न्युजिल्याण्ड र अन्य मुलकका पर्यटकहरूले फोटो मन पराएर खरिद गरे ।' फोटो प्रर्दशनीको काठमाडौं उपत्यकाको विभिन्न संघ संस्था, शैक्षिक संस्थाहरू, पर्यटन व्यवसायी ट्राभल एजेन्सी र आमनागरिकहरूले समेत अवलोकन गरेका थिए ।

मकवानपुर थाहा नगरपालिकाको पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले काठमाण्डौंको वसन्तपुर डबलीमा फोटो प्रदर्शनी गरिएको हो । पर्यटन प्रर्वद्धनका लागि फोटोको माध्यमबाट प्रचारप्रसार गरेर घुम्न आउने पर्यटकको लागि प्रेरित गर्ने उद्देश्य सहित तीन दिने फोटो प्रर्दशनी आयोजना गरिएको थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले जानकारी दिए । प्रर्दशनीमा थाहा नगर पालिका र इन्द्रसरोवर गाउँपालिका क्षेत्रको प्राकृतिक सुन्दरता, हिमश्रृङखलाको दृश्यावलोकन, एतिहासिक मठमन्दिर, पार्टी पौवा, सभ्यता संस्कृती, धार्मिक क्षेत्र मेला जात्रा, ग्रामिण जीवनशैली, स्वच्छ तथा सफा वातावरणको फोटोहरू राखिएको नगर प्रमुख विष्टले बताए ।

प्रदर्शनीको संस्कृती पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठले उद्घाटन गरेका थिए । मन्त्री श्रेष्ठले मकवानपुरको थाहा नगरपालिका 'कल्चर र नेचर'को केन्द्र भएकोले यसलाई प्रवर्द्धन गरी पर्यटनसंग जोडर विकास गरिने बताएका थिए । उनले नेपाल सरकारले जारी गरेको ७३ बुँदे पर्यटन विकासको कार्ययोजनामा समेटर थाहानगरलाई विकास गरिने बताएका थिए । नेपाल सरकारले सन् २०२३ देखि २०३२ सम्म भ्रमण दशक समेत घोषणा गरेको छ ।

प्रर्दशनीमा थाहा र इन्द्रसरोबरको विभिन्न विधाका करिब एक सय तस्वीरहरू अवलोकनको लागि राखिएको थियो भने तस्वीरको बारेमा जानकारी खुल्ने विवरण पनि राखिएको थियो । प्रर्दशनीमा राखिएका विभिन्न फोटोहरूको बारेमा जानकारी दिन नाथम कलेज काठमाण्डौंका विद्यार्थीहरूले स्वयम्सेवकको रूपमा सहयोग गरेका थिए । कार्यक्रममा सहयोग गर्ने कलेज तथा क्याट्रिङलाई मायाँको चीनो दिइएको थियो ।

इन्द्रसरोवर गाउँपालिकाको समन्वयमा भएको थाहा फोटो प्रदर्शनीलाई सफल पार्नका लागि थाहानगर उद्योग वाणिज्य संघ, अध्याय रिसोर्ट, पालुङ जेसीज, थाहा होटल एशोसिएशनले सहयोग गरेका थिए भने नेपाल पर्यटन बोर्डले प्रवर्द्धन गरेको थियो । इन्द्रबहादुर श्रेष्ठको संयोजकत्वको उक्त प्रदर्शनीमा राखिएका फोटोहरू गणेश विष्टले खिचेका थिए ।

## मकवानपुरका १९ वटा मतदानस्थल अति संवेदनशील सूचिमा

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यलय मकवानपुरले जिल्लाका १९ वटा मतदानस्थललाई अति संवेदनशील सूचिमा राखेको छ । मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन लक्षित सुरक्षा रणनिति बनाउने क्रममा १९ वटा मतदानस्थललाई अति संवेदनशी सूचिमा राखिएको हो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले थप ६० वटा मतदानस्थलहरूलाई संवेदनशील र ८० वटा मतदानस्थलहरूलाई समान्य सूचिमा राखिएको जानकारी दिए । प्रमुख जिल्ला अधिकारी पाण्डेले सुरक्षा संवेदनशीताको आधारमा आवस्यक पर्दा नेपाली सेना, सशस्त्र र जनपथ प्रहरी परिचालन गरिने जानकारी दिए ।

यस्तै थप सुरक्षा व्यवस्थाका लागी जिल्लामा १ हजार ६ सय ९९ म्यादी परिचालन गरिने पनि प्रजिअ पाण्डेले बताए ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# स्थानीय पाठ्यक्रम निर्माण : 'एसआईपी' कै बाटोमा 'एलसी'



डा. मीनबहादुर शाही

नेपालमा सङ्घीय शासन प्रणालीको स्थापना हुनुभन्दा पहिले नै २०५७ सालमा विकेन्द्रीकरणको अवधारणा कानुनतः व्यवहारमा ल्याउने प्रयास गरिएको थियो । देशको विविधता र विषमता, जनजाति (१२५) र भाषा-भाषिका (१२३) हरूलाई सम्बोधन गर्न पनि विकेन्द्रीकरण अपरिहार्य थियो । सरकार र नेतृत्वले स्वविवेक र बाध्यतावश विकेन्द्रीकरण स्वीकार गरेको थियो ।

२०६२/६३ सालको जनआन्दोलनपछि त देशमा सङ्घीयताको जग बसेपछि शक्ति विकेन्द्रीकरणको सन्दर्भ झनै सान्दर्भिक बन्यो । सबै भूभाग र समुदायका नागरिकलाई देश विकासको मूल प्रवाहमा समेट्ने प्रयास गरियो । यस्तो प्रयास गैरसरकारी संस्था र सरकारका विभिन्न निकायबाट अवलम्बन गर्ने प्रयास गरिएको थियो । त्यसैको एउटा ज्वलन्त प्रमाण हो- हरेक गाउँ/नगरपालिकालाई १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम बनाएर मातहतका विद्यालयमा कार्यान्वयन गर्ने सुविधा दिएको छ । त्यसै गरेर विद्यालय तहको विविधता र आवश्यकता वा रूचिलाई सम्बोधन गर्न सामाजिक विषय अन्तर्गत २० पूर्णाङ्क पाठ्यभार विद्यालयले निर्णय गरेर विषयवस्तु तयार गर्न पाउँदै आएका छन् । शिक्षा क्षेत्रमा यस्तो अवसर, सशक्तीकरण र सबलीकरणका लागि राम्रो पक्ष हो ।

तर सरकारी कार्यशैली, जनताको चेतनास्तर, अगुवाहरूको सोचका कारण देशमा सुरू गरिएका असल प्रयासहरू पनि मिथ्या र अनुत्पादक भएका छन् । अपेक्षित विकास र सुधार प्राप्त भएको छैन ।

यसको ज्वलन्त उदाहरण हो- २०६० को दशकमा जापान सरकारको अन्तर्राष्ट्रिय विकास सहयोगी संस्थाको आर्थिक र प्राविधिक सहयोगमा विद्यालय सुधार योजना (स्कुल इम्प्रूभमेन्ट प्लान-एसआईपी) अनुसार विद्यालय सञ्चालन गर्ने प्रयास सुरू गऱ्यो । यो काम अपरिहार्य र सहज पनि थियो । तत्कालीन शिक्षा विभागले यसलाई विशेष महत्वका साथ लिएको थियो । राष्ट्रिय तहमा निकै विचार विमर्श, छलफल, तयारी, योजना आदि गरेर खाका तयार गरिएको थियो र त्यो खाका धादिङ र काभ्रेमा केही गाउँ विकास समितिमा परीक्षण कार्यान्वयन गरिएको थियो ।

परीक्षणबाट प्राप्त नतिजाका आधारमा देशभरका विद्यालयमा लागू गर्ने निर्णय गरियो र सोही अनुसार तालिम प्याकेजहरू तयार गरिए, प्रशिक्षकको रूपमा तत्कालीन अवस्थामा स्रोतव्यक्तिहरूलाई परिचालन गरियो । विद्यालयहरूलाई विद्यालय सुधार योजना बनाउन रू.१ हजारसम्म अनुदान दिने प्रावधान राखियो भने सोही योजनाका आधारमा मात्र सरकारले सहयोग गर्ने निर्णय गरिएको थियो । यो शर्त विद्यालयका लागि निकै बाध्यात्मकारी बन्यो । यसैको परिणामस्वरूप विद्यालयहरूले पुरानोबाट सार्ने र फोटोकपी सेन्टरहरूबाट सीमित कुराहरू बदलेर किन्न थाले । यसैको परिणामस्वरूप गाउँ टोलका साना साना बजारमा पनि, 'यहाँ एसआईपी पाइन्छ' लेखेका बोर्डहरू देखिन थाले ।

ती कम्प्युटर र फोटोकपी पसलहरू निकै चले । पसल चलाउनेहरूले पनि सजिलै कमाए । किनकि विद्यालय सुधार योजनाको एउटै खाका थियो र सूचक र सन्दर्भहरू उही थिए । सबै विद्यालयहरूले त्यसैमा भर्ने काम गर्दथे । दुई-तीन घण्टा काम गर्दा एउटा योजना तयार हुन्थ्यो । यसैको परिणामस्वरूप धेरै विद्यालयको नेतृत्वमा योजना आफैँले बनाउने सीप कहिल्यै विकास भएन । त्यसरी बनाइएको योजना कहिल्यै कार्यान्वयनमा पनि आएन । विद्यालयमा जनचाहना अनुसार सुधार पनि भएन । यसको एउटा लक्ष्य सुरू गर्ने थियो त्यो पूरा भयो सकियो । सरकारका लागि विद्यालयको नाम भएको योजनाको पाना चाहिन्थ्यो । त्यति बुझाए पुग्यो ।

वास्तवमा यही योजनाका कारण उल्लेख्य उपलब्धि भयो भन्ने ठाउँ कतै रहेन । सामान्य चेतनाको विकास भयो होला । कतै केही विद्यालयहरू राम्रा भए होलान् । तर ती विद्यालयहरू त्यहाँका सक्रिय र प्रतिबद्ध प्रधानाध्यापकहरूका कारण सुधार भएका हुन् । यस अर्थमा प्रधानाध्यापकले सबै कुरालाई डोऱ्याएको हो न कि योजनाले । त्यसैले निष्कर्षमा के भन्न सकिन्छ भने, सरकारले एउटा आवश्यक र अपरिहार्य विषय वा कामलाई पनि व्यवस्थित रूपमा कार्यान्वयनमा लैजान नसकेको कारण सम्पूर्ण लगानीको सही सदुपयोग भएन । शिक्षा क्षेत्रको सुधार निर्दिष्ट गन्तव्यसम्म पुग्न नै सकेन, पाएन ।

विगत एक दशकदेखि स्थानीय पाठ्यक्रम बनाउने योजना बनाउने जस्तै अर्को चक्र चलिरहेको छ । तर फरक यति मात्र हो कि, अहिले 'यहाँ एसआईपी पाइन्छ' जस्तै बोर्ड राखिएका छैनन् । त्यसबेला सानो रकम भएकाले व्यापार मात्र भएको थियो । खास गरेर जनतालाई ठगेर भ्रष्टाचार गरिएको थिएन । अवधारणाको प्रभावकरी र सही प्रयोग नभएको मात्र थियो । तर पाठ्यक्रम निर्माणका क्रममा भने सङ्घीयता घोषणापछिको सरकारले जनताको करबाट संचालित रकमको भ्रष्टाचार र दुरूपयोग दुवै गरेको प्रशस्त उदाहरण छन् । सुशासन र सबलीकरणको कडीको रूपमा रहेको शैक्षिक गुरूयोजना बनाउने काम पनि खर्च गर्ने बाटो मात्र बनाइएको छ । साथै स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक बनाउने कार्यक्रम पनि निर्दिष्ट लक्ष्य अनुसार चलेको पाइँदैन ।

स्थानीय पाठ्यक्रम निर्माणका क्रममा निम्नानुसार अभ्यास गरेको पाइन्छ । सबैले यसै अनुसार नगरेको भए पनि यिनीहरू प्रतिनिधि घटना हुन् । धेरै स्थानीय तहले यीमध्येकै अभ्यासलाई अनुसरण गरेको पाइन्छ ।

पहिलो अभ्यास, आफ्नो दल सम्बद्ध बेरोजगार वा पेशामा कार्यरत मानिसलाई काममा लगाउने र दलप्रतिको बफादारी पूरा गर्ने । आगामी दिनका लागि पनि राजनीतिक दुनो सोझो पारि रहने । यस्तो काम प्रायःजसो लामो समय राजनीति गरेका र अझै टिकिरहने मन भएकाहरूबाट हुँदै आएका छन् । यसमा कुनै विज्ञ विशेषज्ञको सहभागितालाई भन्दा पनि हिसाब मिलानको कामलाई प्राथमिकता दिइएको पाइएको छ ।

दोस्रो, केही पढेका व्यक्ति वा समूहको पनि सक्रियता छ । उनीहरूले यसलाई कमाउने पेशा बनाएका छन् । उनीहरू प्रभाव राख्ने दलको नेता, नगरपालिकाको प्रमुख, उपप्रमुख वा गाउँपालिकाको अध्यक्ष तथा उपाध्यक्षलाई प्रभावमा पार्दछन् । प्रलोभनमा पार्दछन् । एउटा आधारभूत तहको पाठ्यक्रम बनाउनका लागि ५ देखि १० लाखसम्म रकम सम्झौता गर्दछन् । पाठ्यक्रम वा योजना निर्माणमा चरणहरू पार गर्दैनन् । अन्त्यमा खाका लिएर प्रस्तुत गर्दछन् । स्थानीय समितिले पनि स्वीकृत गर्दछ ।

तेस्रो अभ्यास, कहींकतै व्यक्ति वा संस्थाले देश वा विदेशका दाताको सहयोगमा कुनै स्थानीय तहको गुरूयोजना वा पाठ्यक्रम बनाउँछन्, बनाइदिएका छन् । यस्तो अवस्थामा न्यूनतम मापदण्ड पालना गरिएको छ । सरकारी मापदण्डलाई पनि अनुसरण गर्ने प्रयास गरिएको छ । पाठ्यक्रम निर्माणमा संलग्न विज्ञका विज्ञताको आधारमा दस्तावेजको गुणस्तर निर्धारण हुँदै आएको छ ।

चौथो, जनता र सेवाप्रति जवाफदेही कर्मचारी र जनप्रतिनिधि भएको स्थानीय तहमा हुँदै आएका छन् । यसमा पाठ्यक्रम वा गुरूयोजना बनाउँदाका निर्धारित चरणहरू अवलम्बन गरिएका छन् । त्यसैले त्यस्ता दस्तावेजहरू कार्यान्वयनमा समस्या पनि छैन ।

यी माथिका चार ओटा अभ्यासहरूमध्ये चौथो अभ्यास वास्तविकतामा आधारित छ तर यस्तो अभ्यास नगण्य मात्र पाइन्छ । त्यसैले बहुमत स्थानीय पालिकाका अभ्यासहरू यथार्थ भन्दा टाढा छन् । त्यसैले पाठ्यक्रमको मर्म अनुसार बनाएर कार्यान्वयन गर्नका लागि निम्न चरणहरू अवलम्बन गर्नु आवश्यक हुनेछ । पाठ्यक्रमका विशेषज्ञहरूको दृष्टिकोणमा धेरै गुणात्मक कुराहरू थप्नुपर्ने होला । तर सामान्य अवस्थामा यिनै चरणहरू कार्यान्वयन गर्ने हो भने पनि सान्दर्भिक दस्तावेज तयार हुनेछ ।

### पाठ्यक्रम निर्माणका साधारण तर अपरिहार्य चरणहरु यस प्रकार छन्:

पहिलो, स्थानीय तहमा समिति गठन गर्ने । स्थानीय तहको शिक्षा प्रमुखको संयोजकत्व वा संरक्षकत्व रहने गरेर शिक्षक, प्रधानाध्यापक, स्थानीय शिक्षाप्रेमी, समुदायका जानकार, संस्कृतिका जानकार, स्रोत र साधनका जानकार,

बाँकी पृष्ठ ३ मा

## • सम्पादकीय •

### मतदाता सचेत बनौं है !

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन आगामी मंसिर ४ गते एकसाथ हुँदैछ । राज्य पुनसंरचनापछिको दोस्रो पटकको निर्वाचन हुँदै गर्दा बितेको पाँच वर्षमा सरकार तथा राजनीतिक दलहरुले निर्वाह गरेको भूमिका, अनुभव र मूल्यांकनको आधारमा यसपटक नागरिकले मत प्रकट गर्ने हो । निर्वाचनमा सधैंझैं अहिले पनि खासगरी शिक्षा, स्वास्थ्य, रोजगार र दैनिक जनजीवनसँग जोडिएका विषयहरुमा नागरिकको सबैभन्दा धेरै चासो र सरोकार रहने गरेको छ भने राजनीतिक दल तथा उम्मेदवारहरुले पनि नीतिगत विषयहरुभन्दा विकास निर्माणका एजेण्डालाई नै चुनावी एजेण्डाका रुपमा अघि सारेको देखिन्छ । त्यसो त निर्वाचन उम्मेदवारको मात्र परीक्षाको घडी होइन । आम मतदाताले पनि सही उम्मेदवार छान्नुपर्ने दायित्वलाई बडो जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्ने समय हो । त्यसैले जनताको मत हासिल गर्न उम्मेदवारहरु जसरी अनेक जोडबलका साथ मैदानमा उत्रिएका छन् उसैगरी मतदाताले पनि विवेकसम्मत ढंगले सही उम्मेदवार छनोटमा ध्यान पुऱ्याउनुपर्छ । निर्वाचन लोकतन्त्रको सुदृढीकरण र संस्थागत विकासका लागि कोशेढुंगाको रुपमा रहेको कुरामा दुईमत छैन । अहिले राजनीतिक दलहरु फरक-फरक गठबन्धन बनाएर कतै गठबन्धन र कतै एकल रुपमा चुनावी प्रतिस्पर्धामा छन् । निर्वाचनमा कोही पनि मतदाताले लहलहैमा लागेर मताधिकारको प्रयोग गर्नुहुँदैन । खासमा एजेण्डाका आधारमा स्वस्थ चुनावी प्रतिस्पर्धा भए मात्र नागरिकले राम्रो उम्मेदवार छान्न सक्ने वातावरण बन्छ । त्यसैले सरोकारवाला सबैले निर्वाचनमा त्रास र दबाबको प्रभाव होइन, मतदाताले स्वफूर्तरुपमा मतदान गर्ने वातावरण बनाउनुपर्छ । उनीहरुले उम्मेदवार र उसका चुनावी एजेण्डामा विश्वास गर्ने वातावरण बनाउनु सबैको प्रथम दायित्व हो ।

लोकतन्त्रको संस्थागत विकास र सुदृढीकरणको विषय यसैमा निहित छ । त्यस्तै निर्वाचनमा नागरिकले व्यक्त गरेको अभिमत खेर जान नदिन मतदाता शिक्षालाई पनि महत्वका साथ हेर्नुपर्छ । नेपालमा यसअघि भएका निर्वाचनहरुमा ठूलो संख्यामा मत बदर हुने गरेको छ । गएको स्थानीय तहको निर्वाचनमा धेरै मत बदर भए । प्रतिस्पर्धीहरुको मत अन्तरभन्दा ठूलो संख्यामा मत बदर देखियो । यसपटक मतपत्रमा उम्मेदवारको मात्र निर्वाचन चिन्ह छापिएको कारण प्राविधिकरुपमा अघिल्ला निर्वाचनका तुलनामा मत बदर हुने जोखिम पनि कम छ । आफूले दिन खोजेको मत ठीक उम्मेदवार र राजनीतिक दललाई जाओस् र त्यो मत बदर नहोस् भन्नेमा पनि मतदाता थप सचेत बन्नु जरुरी छ । मतदान गर्न अब थोरै दिन मात्र बाँकी छ । त्यसैले चुनावी प्रपोगण्डाका आधारमा धारणा नबनाई राजनीतिक दल तथा उम्मेदवारहरुले प्रस्तुत गरेका एजेण्डामा ध्यान पुऱ्याएर मतदान गरौं । नबिर्सौं, उम्मेदवारका लागि मात्र होइन, यो समय मतदाताका लागि पनि परीक्षाको घडी हो । उम्मेदवारहरुमध्येबाट हामीले ठीक व्यक्ति छान्न सकेनौं भने आउने पाँच वर्ष गुनासो गर्दैमा बित्नेछ ।

संघीयताको मर्म बुझेको, संविधान कार्यान्वयनमा इमानदार, नागरिकका दैनिक जीवनसँग जोडिएका समस्यालाई प्राथमिकतामा राखेर काम गर्न सक्ने, विकास र समृद्धिलाई यहाँका नागरिकको जीवनस्तरसँग जोडेर अगाडि बढ्ने प्रतिनिधिलाई जिताउन मतदाताले सचेततापूर्वक मतदान गर्नुपर्नेछ । आफ्नो मतको सही सदुपयोगको लागि मतदाता सचेत बन्न जरुरी छ । राजनीतिक दल तथा उम्मेदवारहरुले बोलेका कुराहरुलाई, प्रस्तुत गरेका एजेण्डालाई केलाएर ठीक ढंगले मूल्यांकन गर्न सक्नु यतिबेला सबै सचेत मतदाताको दायित्व पनि हो ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

## स्थानीय पाठ्यक्रम ... . .

स्वास्थ्यकर्मी, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधि आदिको सहभागितामा समिति गठन गर्ने ।

दोस्रो, समितिले कार्ययोजना बनाउने र त्यसलाई सहजीकरण गर्न विज्ञ छान्ने । अनि विज्ञसहितको बैठक बसेर समितिका सदस्यहरूको कार्य विभाजन गर्ने । त्यसमध्ये २/३ जनालाई अभिलेखीकरणको जिम्मा दिने । जसको काम विज्ञको निर्देशनमा काम गर्ने र सबै विषयवस्तुलाई अध्यावधि गर्दै जाने हुन्छ ।

तेस्रो, विज्ञको उपस्थितिमा बृहत् भेला बोलाउने । उक्त भेलाबाट स्थानीय पाठ्यक्रमको विषय क्षेत्र छान्ने । धेरै विषय चर्चामा आएमा बढी आवश्यकता र सम्भावना भएको विषयलाई सर्वसम्मत निर्णय गर्ने ।

चौथो, विज्ञले समितिका सदस्यहरूको सहकार्यमा उक्त विषयको स्थानीय सम्भाव्यता र गहिराइ पत्ता लगाउन सर्वेक्षण प्रश्नावली बनाउने । किनभने यसो नगरिएको पाठ्यक्रमले पर्याप्त पाठ्यवस्तु प्राप्त गर्न सक्दैन र अन्य विषय वा क्षेत्रबाट आयातित गर्नुपर्ने हुन्छ । जसको फलस्वरूप उक्त विषय प्रभावकारी हुँदैन ।

पाँचौं, सर्वेक्षणबाट प्राप्त जानकारी वा विषयवस्तुलाई समूहकरण गर्ने र पाठ्यक्रमको खाका वा मस्यौदा तयार गर्ने । उक्त मस्यौदामाथि समितिमा बृहत् छलफल गर्ने र पहिलो चरणको छलफलका लागि तयार गर्ने ।

छैटौं, यसरी तयार भएको पाठ्यक्रमलाई स्थानीय तहमा उपलब्ध विज्ञहरू सहितको बृहत् भेलामा छलफल गर्ने । केही मुख्य मानिसहरूलाई अध्ययनका लागि एक हप्तासम्मको समय दिएर पठाउने । भेला र विज्ञहरूबाट प्राप्त सुझावहरूलाई समेटेर पाठ्यक्रमको दोस्रो मस्यौदा तयार गर्ने । दोस्रो मस्यौदालाई स्थानीय तहले बनाएको समिति र शिक्षा समिति तथा प्रमुख उपप्रमुखसहितको सहभागितामा छलफल गर्ने । कसैलाई आवश्यक भए, केही दिनका लागि अध्ययन गर्न दिने । त्यसपछि सबैबाट प्राप्त सुझावहरूलाई समेटेर पाठ्यक्रमको तेस्रो मस्यौदा तयार गर्ने ।

सातौं, प्राप्त तेस्रो मस्यौदा समितिमा छलफल गर्ने । समितिले विज्ञ सल्लाहकारको सल्लाहमा तीन जना विज्ञ छनोट गर्ने । उक्त तीन जनालाई गुणस्तरीय पाटोबाट अध्ययनका लागि दिने । उनीहरूबाट निर्धारित समयमा प्राप्त सुझावहरूलाई समेटेर मस्यौदालाई अन्तिम रूप दिने । आवश्यक सुझावका लागि पाठ्यक्रम विकास केन्द्रसम्म पठाउने । सुझावहरू समेटिएको अन्तिम प्रतिबारे समितिमा छलफल गरेर प्रक्रिया अगाडि बढाउने । यसरी अन्तिम रूप दिएरहँदा यसमा योगदानकर्ताहरू र विज्ञसहितको समिति पनि उल्लेख हुन आवश्यक हुन्छ ।

आठौं, समितिको बैठक बसेर पाठ्यक्रमको अन्तिम मस्यौदालाई भाषा सम्पादन र छपाइ मिलानका लागि पठाउने र पाठ्यक्रमको वितरणयोग्य प्रति तयार गर्ने । स्थानीय तहको लोगो, नाम, शुभकामना आदि कुराहरू समेट्ने ।

अन्त्यमा, स्थानीय तहको कार्यकारी समिति, पाठ्यक्रम निर्माण समिति र विज्ञहरूका बीच छलफल गर्दै पाठ्यक्रमलाई सार्वजनिक गर्ने र पाठ्यपुस्तक निर्माणका लागि मार्ग सहज बनाउने । यही नै सर्वमान्य उपाय वा विधि होइन । विषय विज्ञताले धेरै कुरा थप्नेछ तर कम्तीमा यसको अनुसरणले स्थानीय पाठ्यक्रमको मर्मलाई केही हदसम्म सम्बोधन गर्नेछ भन्ने आशाका साथ यो आलेख तयार पारिएको हो ।

*-अनलाइनखबरबाट साभार*

# खानेकुरा पेटमा पुगेपछि के हुन्छ ?

जब कुनै खानेकुरा देख्छौं, हामीलाई खाउँखाउँ लाग्छ । मुखमा पानी आउँछ । स्वाद मानीमानी खाइदिन्छौं ।

तर के खानेकुरा कस्तो थियो ? स्वास्थ्यका लागि ठीक थियो वा थिएन ? यसबारे हाम्रो पटक्कै ध्यान जाँदैन । हामीलाई त आँखाले हेर्दा आकर्षक लाग्ने र मन लोभ्याउने खानेकुरा भए पुग्छ । यसरी जिब्रोले मागेको खानेकुरा हामी यसरी खाइदिन्छौं कि 'जे आउँछ मज्जाले पचाउँछ' भने जसरी ।

तर हाम्रो शरीरको पचाउने प्रणाली फरक छ । हामीले खाएको खानेकुरालाई पचाउनका लागि पाचनयन्त्रले अतिरिक्त काम गर्नुपर्ने हुन्छ । आखिर कस्तो हुन्छ हाम्रो पाचन प्रणाली ? कसरी खाएको कुरा पचाउने काम हुन्छ ?



### पाचन प्रणालीले कसरी काम गर्छ ?

जब हामी खानेकुरा खान्छौं, मुखबाटै पचाउने प्रक्रिया सुरू हुन्छ । यसको मुख्य भूमिका हुन्छ, दाँतको । दाँतले खानेकुरा टुक्रा बनाउँछ । यसरी खानेकुरा टुक्रा भइरहँदा मुखमा पाचन रस आउँछ । मुखको वरिपरि हुने र्‍याल ग्रन्थिबाट यस्तो इन्जाइम निस्कन्छ ।

यो इन्जाइम खानासँग घुल्छ । यसमा जिब्रोले खास भूमिका खेल्छ । यी खानेकुरालाई जिब्रोकै सहायताले खाना नलीसम्म पुर्‍याउँछ ।

अब खाना सोझै भूँडीमा पुग्छ । यी खानेकुरा एकदेखि डेढ घण्टासम्म पेटमै रहन्छ । पेटमा अम्ल पैदा हुन्छ, जुन खानेकुरासँग घुल्न थाल्छ । पेटको मांसपेशीले यी खानेकुरालाई राम्ररी घुल्ने काम गर्छ । यसलाई क्राइन भनिन्छ ।

क्रमशः पेटमा हुने काइम सानो आन्द्रामा पुग्छ । सानो आन्द्रामा तीन वटा भाग हुन्छ–डुओडिनुम, जेजुनुम, आइलियम । अन्द्राको भित्री तहमा यी तीन भाग र अग्नाशयबाट पनि खाना पचाउने इन्जाइमहरू निस्कन्छन् । अब खाना आन्द्रामा पुग्छ, जहाँ पित्तथैलीबाट पैदा हुने पितमा खाना घुलिन्छ । पित आवश्यकता अनुसार मात्र निस्कन्छ । यसपछि खाना ठूलो आन्द्रामा पुग्छ । त्यहाँसम्म पुग्दा खानाबाट धेरै पोषकतत्व शरीरले लिइसकेको हुन्छ । बाँकी रहेका पदार्थ मलाशयमा जम्मा हुन्छ, सो समयमा मान्छेलाई दिसा लाग्छ ।

### कुन बेला भोक लागेको महसुस हुन्छ ?

जति बढी हाम्रो ऊर्जा सकिन्छ, त्यति हामीलाई भोक लाग्न सक्छ । कुनै काम वा व्यायाम शक्ति खर्च हुन्छ भने पनि छिटो हामीलाई भोकको अनुभव हुन्छ । त्यो पूर्ति खानेकुराले गर्ने गर्छ । कमी भएको खण्डमा भोक नलाग्ने हुनसक्छ । भोक नै नलागे पनि खानेकुरा र पानी समय-समयमा खाइराख्नुपर्छ । पटक-पटक भोक लाग्नु मधुमेह जस्ता रोगको सुरूवाती चरण पनि हुनसक्छ ।

अम्ल हाम्रो पेटमा भइराख्ने तत्व हो । भोक लागेको अवस्थामा खानेकुराको बास्ना आयो वा खानेकुरा खाँदैछु भन्ने सोच मात्र आयो भने पनि अम्ल उत्पादन वृद्धि हुँदै आउँछ ।

### खानेकुराको रसायनिक प्रतिक्रिया

खानेकुरामा फ्याट, कार्बोहाइड्रेट, प्रोटिन समावेश हुन्छ । प्रोटिनले एमिनो एसिड बनाउने गर्छ, जुन शरीरले सोसेर र गतसम्म पुर्‍याउँछ । त्यस्तै अग्नाशयले ट्राइपसिन इन्जाइम बनाउँछ । अरू इन्जाइमहरूले पनि निस्केर प्रोटिन एमिनो एसिडमा टुक्रिन्छ । बोसोयुक्त खानेकुरा खाएपछि पित्तथैलीबाट लिक भइसकेपछि अग्नाशयबाट अरू इन्जाइम निस्कन्छ । त्यसले पनि फ्याटी एसिडमा टुक्राउँछ, जुन शरीरले सोस्ने काम हुन्छ । कार्बोहाइड्रेट चिनीमा परिणत हुन्छ र त्यसलाई शरीरले आवश्यकता अनुसार लिने गर्छ ।

### खराब खानेकुरा पेटमा पुगेपछि

शरीरले खराब खानेकुरालाई दुई भागमा विभाजित गर्छ । शरीरले सहन नसक्ने, जुन धेरै अमिलो, पिरो, चिल्लो हुन्छ । यसले शरीरमा एसिडको मात्रा बढाएर एसिडिटी हुने, पेट पोल्ने गर्छ । अर्को भनेको सडेगलेको, बासी खानेकुरा । यसले शरीरमा बिकार पैदा गर्छ । विभिन्न संक्रमण हुने, पखाला लाग्ने कारण यस्तै खानेकुराले गर्दा हो ।

### आमाशयको काम

आमाशयको मुख्य काम भनेको हामीले निलिसकेको खानेकुरालाई भण्डारण गर्ने, त्यहाँ भएका एसिड र पेप्सिनलाई मिसाउने, समय-समयमा थोरै मात्रामा खानेकुरा सानो आन्द्रामा पठाउने हो, ताकि त्यो खानेकुरा सानो आन्द्रामा पुगेपछि राम्ररी पचाउन सकियोस् ।

### शरीरलाई जरूरी पोषकतत्व

शरीरलाई दैनिक रूपमा खानाको माध्यमबाट कार्बोहाइड्रेट, भिटामिन, प्रोटिन, फ्याट, मिनरल चाहिन्छ । यसले शरीर सञ्चालन गर्ने, शक्ति दिने, शरीरको विकास गर्ने जस्ता भूमिका खेल्छ । तर यी तत्व कति मात्रामा चाहिन्छ भन्ने कुरा मान्छेको उमेर र स्वास्थ्य स्थिति हेरेर निर्धारण हुन्छ । सामान्यतः मान्छेलाई दैनिक दुई हजार क्यालोरी भए पुग्छ । जबकि गर्भवती र बालबच्चालाई यो भन्दा बढी क्यालोरी चाहिन्छ ।

### पोषकतत्व यसरी पुग्छ शरीरका कोषमा

खानेकुरा पचिसकेपछि त्यो सुगरमा रूपान्तरण हुन्छ । त्यही सानो आन्द्रामा रहेका रगतका धमनीहरूबाट हाम्रो शरीरको कोषहरूमा पुग्छ । प्रयोगमा नआएका तत्वहरू भने कलेजोमा पुगेर भण्डारण हुन्छ, जुन आवश्यक परेको बेला शरीरले प्रयोगमा ल्याउँछ ।

### पाचनयन्त्र चुस्त बनाउने काइदा

पाचनयन्त्रलाई स्वस्थ बनाउन सही, ताजा, सन्तुलित, सुपाच्य खानेकुरा खानु जरूरी छ । शरीरलाई जरूरी पोषकतत्व भिन्नभिन्नै खानामा पाइन्छ । त्यसैले यी फरक-फरक खानेकुरा खानु उपयुक्त हुन्छ, ताकि सबै किसिमको पोषकतत्व प्राप्त होस् ।

धेरै मान्छेले स्वस्थ रहन मुख बार्ने गर्छन् । तर कुनै पनि खानेकुरा खाँदैमा त्यसले न त धेरै फाइदा गर्छ न त धेरै हानि नै । शरीरको माग अनुसार सही खानेकुरा खान डराउनु पर्दैन । यदि कुनै रोग लागेको अवस्था छ भने त्यही अनुरूप खानपान तालिका निर्धारण गर्न सकिन्छ ।

स्वस्थ खानासँगै व्यायाम एक अनिवार्य हुन्छ । व्यायामले पाचनयन्त्रलाई बलियो र चुस्त बनाउन सहयोग गर्छ । खानेकुरा राम्ररी पचाउन व्यायाम गर्नुपर्छ ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# 'आफ्नो घर जलाएर खरानी बनाएर फेरि माझ भोट मागने ? हामीलाई भए लाज हुन्थ्यो'-पौडेल

◆ विकास संवाददाता



नेपाल कम्युनिस्ट पाटी एमाले थाहा नगरको अगुवा कार्यकर्ता भेला १६ कात्तिकमा जेसीज सभा हलमा भएको छ । कार्यात्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणी पौडेलले आफ्नो घर जलाएर खरानी बनाएर फेरि तपाईं माझ भोट माग्न आउन हामीलाई भए लाज हुन्थ्यो भन्दै अहिलेसम्म यस भेगको परि वर्तन एमालेको कारण भएकोले यसैलाई मूल मुद्दा बनाएर जनता माझ जान निर्देशन दिए ।

पौडेलले नेकपा एमालेको उमेदवार मा जनताले कुनै चोट देखाउन नसक्ने भएकोले निर्धक्क भएर नेकपा एमालेको चुनाव चिन्ह सूर्यमा भोट हाल्न अग्रह गरे । पौडेलले नेकपा एमालेसँग विकासको स्पसष्ट खाका भएकोले गठबन्धन भन्नेहरू अहिले एमालेसँग डराएर एमालेका उमेदवारलाई नानाभाती गाली गर्दै हिँडेको टिप्पणी गरे । कार्यक्रममा क्षेत्र नम्बर-२ को (क) का उम्मेदवार बिष्णुप्रसाद ढकालले आफू बिद्यार्थी कालदेखि नेकपा एमालेको कमिटिमा लागेर काम गरेकोले सुखी नेपाली समृद्ध नेपालकी लागि आफू संग स्पष्ट खाका रहेकोले सबैले सूर्यमा मतदान गर्नुपर्ने बताए ।

एमालेसंग स्पष्ट भिजन र नेतृत्व गरेर काम गर्ने भएकाले पनि मतदान गरेर निर्वाचित गराउन आग्रह गरे । ढकालले आफूसँग चुनाव लडिरहेकी कुमारी मुक्तान यस क्षेत्रको नभई टुरिष्ट उमेदवार भएको र उत्तरी मकवानपुरको विकास र परिवर्तनको लागि आफूले चुनाव जित्न आवश्यक रहेको बताए पालुङको स्थानीय नागरिक पनि भएकाले जुनसुकै दलमा आवद्धहरूले पनि आफूलाई मतदान गर्नेमा उनले विश्वास व्यक्त गरे ।

जनताको भावना अनुसारनै कुनै काम गर्ने आश्वासन दिँदै आफूलाई मतदान गर्न आग्रह उनले आग्रह गरे । ढकालले आफू र संघीय उमेदवार महेस बर्तौला पनि यसै क्षेत्र र सक्षम युवा भएकोले दुवैले चुनाव जित्दा जनताको भावना अनुसार काम गर्न कुनै समस्या नहुने बताए । कार्यत्रममा एमाले मकवानपुरका उपसचिव तथा भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले निर्धक भएर सूर्य चुनाव चिन्हमा मतदान गर्न उपस्थित कार्यकर्तालाइ अनुरोध गरे ।




# सत्ता गठबन्धनको थाहानगर सचिवालय गठन, वडैपिच्छे पनि गठन गरिने



◆ विकास संवाददाता

सत्ता गठबन्धनको थाहा नगरस्तरीय सचिवालय स्थापना गरिएको छ । नेकपा माओबादी केन्द्र थाहानगर पार्टी कार्यलयमा भएको गठबन्धन बैठकले नेपाली कांग्रेस थाहा नगर सभापति प्रमोद कृष्ण जोशीको संयोजकत्वमा २५ सदस्यीय थाहा नगरस्तरीय सचिवालय गठन गरेको हो ।

गठबन्धनको १६ कात्तिकमा थाहानगरको १२ वटै वडामा समेत वडास्तरीय सचिवालय गठन गर्ने योजना बनाइएको छ । १५ कात्तिकमा गठित नगर सचिवालयको सह-संयोजकमा राष्ट्रिय जनमोर्चा थाहानगर अध्यक्ष दिनेश बिष्ट, नेकपा माओवादी केन्द्रका थाहानगर उपाध्यक्ष प्रमोद गोपाली, नेकपा एकीकृत समाजवादीका नगर सहसचिव अभिषेक बल र सचिवमा नेकपा माओवादी केन्द्रका थाहानगर सचिव लक्ष्मण विष्ट रहेका छन् ।

बैठकले यहि ४ मंसिरमा हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा गठबन्धनका उम्मेद्वारलाई विजयी गराउन निर्वाचन परिचालन र प्रचारप्रसारलाई सहज बनाउन सचिवालय गठन गरिएको संयोजक तथा नेपाली काँग्रेस थाहानगरका सभापति प्रमोद कृष्ण जोशीले बताए । गठबन्धनको थाहानगर सचिवालय कार्यालय शिखरकोटमा राखिने भएको छ ।

# उमेद्वार ढकालले भने-'मन्त्री बनेकाले के गरे ?, अब हामी गर्छौं'

◆ विकास संवाददाता



नेकपा एमालेका तर्फबाट मकवानपुर क्षेत्र नम्बर-२ को (क) का उम्मेदवार विष्णु प्रसाद ढकालले बिरबहादुर लामाको कार्यकालमा निर्माण भएको फाखेल सडकलाई पक्की बनाउने प्रतिवद्धता व्यक्त गरेका छन् । टोलटोलसम्म टूयाक बनेका सडकलाई पक्की बनाउने ढकालले बताए । लामाको सम्झना गर्दै उमेद्वार ढकालले एमालेले जनप्रतिनिधि सिफारिस गरेर निर्वाचित भएका लामाको कार्यकालमा फाखेल सडक निर्माण स्मरण गराए ।

१५ कात्तिकमा आयोजित कार्यत्रममा निर्वाचनका बेला विपक्षीहरूले प्रदेशमा जातको नाममा भ्रम फैल्याएर भोट मागेकोले कम्युनिस्ट पार्टी र कम्युनिष्ट सिद्धान्त जाती समुदाय विशेष नहुने उल्लेख गरे । यद्यपि उनले प्रदेश सभामै एमालेले पुरानो कम्युनिस्ट नेता बलराम बल तामाङलाई पनि यहि भुगोलबाट समानुपातिक तर्फ उम्मेदवार बनाएको कार्यत्रममा सुनाए । विपक्षीसंग आफुले विकास गरेको विषय र एजेन्डा नभए पछि जातिए नारा लगाउन थालेकोमा सचेत रहन आग्रह गरे ।

अघिल्लो निर्वाचन जितेर मन्त्री बनेका साँसदहरूले फाखेलको विकासमा नसोचेको ढकालको आरोप थियो । आफु आदिवासी जनजाती समुदाय र तामाङ समुदायसंग नजिक भएर काम गरेको अनुभव सुनाउदै तामाङसंग आफ्नो मनदेखिको सम्बन्ध रहेको बताए । उनले फाखेललाई कम्युनिस्ट पार्टिको उर्बरभुमी रहेको बताउदै ढकालले मालेकालिन समयमा फाखेलका तामाङहरूले कम्युनिस्ट नेताहरूलाई संरक्षण गरेर राखेको र आफुले जिल्लाव्यापी कार्यत्रममा हिन्दा फाखेको चर्चा गर्ने गरेको उल्लेख गरे ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# थाहानगरमा आक्रामक प्रचार: टोलटोलमा उमेद्‌वार, घरघरमा कार्यकर्ता



◆ विकास संवाददाता

सत्ता गठबन्धन दलका उमेदवारहरूले २० कात्तिकमा थाहा नगरपालिकाको विभिन्न वडाहरूमा मतदाता भेटघाट तथा कोणसभा गरेका छन् । निर्वाचन परिचालन समिति थाहानगर वडागत समन्वयमा नगरको ११ नम्बर वडाको विभिन्न टोल, महाँङ्‌काल, नर्बेढुङ्गा, नौखण्डे तथा वडा नम्बर १२ को लितिमा कोणसभा तथा मतदाताहरूसंग साक्षतकार गरेका छन् ।

गठबन्धन दलका उमेदवार विरोध खतिवडा र कुमारी मोक्तान सहभागी भएको कार्यक्रममा जनताको गुनासो सुन्दै उनीहरूले गुनासोको समाधानको प्रतिबद्धता व्यक्त गरेका थिए । स्थानीयहरूले फुलमालासहित उमेद्‌वारको स्वागत गरेका थिए । उमेदवारद्वय खतिवडा र मोक्तानले जित सुनिश्चित भएको बताउदै निर्धक्क भएर गठबन्धनको पक्षमा मतदान गर्न आग्रह गर्दै गठबन्धनको जित भए विकास निर्माणको काममा आफुहरूबाट हुने आश्वासन दिए । अभियानको क्रममा थाहा ११ नौखण्डे बजारमा गठबन्धन दलको वडा चुनाव प्रचारप्रसार कार्यालयको प्रतिनिधिसभा सदस्य पदका उमेदवार बिरोध खतिवडाले उद्‌घाटन गरे ।

यसैबीच थाहा नगरपालिकाको मुख्य बजार बज्रवाराहीको सरस्वती बजारमा भएको सभालाई सम्बोधन गर्दै गठबन्धनका उमेदवारहरू विरोध खतिवडा, कुमारी मोक्तान र इन्द्रबहादुर बानियाँले सम्बोधन गरेका छन् । उमेदवारहरूले सहिदका र गतमा कुल्चियर आयकाहरूसंग एकता गरेर एमालेले नेपाली जनतालाई के सन्देश दिन खोजेको बताए । थाहानगरलाई कृषि र पर्यटनसंग जोडेर उत्पादनमुखी बनाउदै लैजान अब बन्ने सरकारले पहल गर्ने बताउदै गठबन्धनको पक्षमा मतदान गर्नै पर्ने विषयहरू सुझाएका थिए । थाहानगरका सबै कार्यक्रमहरू वडागत निर्वाचन परिचालन समितिका संयोजकहरूको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा उमेदवारहरू विरोध खतिवडा, कुमारी मोक्तान, इन्द्रबहादुर बानियाँ, नेकपा माओवादीका प्रदेश सदस्य लवशेर बिष्ट, इन्द्रबहादुर श्रेष्ठ, नेकपा माओवादी थाहा इन्चार्ज विष्णु विष्ट 'आदर्श',नेपाली काँग्रेस महासमिति सदस्य जयराम लामिछाने, भरत लामा, एकीकृत समाजवादिका केन्द्रिय प्रचार विभाग सदस्य शन्तराम विंडारी, एकीकृत समाजवादिका जिल्ला सचिवालय सदस्य ईश्वरलाल रूम्बा, युवा संघका जिल्ला अध्यक्ष किरणमान बल, नेकपा माओवादी थाहानगर अध्यक्ष विनोद कुमार लामा, नेपाली काँग्रेस नगर सभापति प्रमोदकृष्ण जोशी, एकीकृत समाजवादीका नगर अध्यक्ष सानुकाजी गोपाली, माओवादी नगर सचिव लक्ष्मण विष्टलगायतका उपस्थिति रहेको थियो ।

# हरिबोधिनी एकादशी पर्वमा ऋषेश्वरमा भव्य मेला

◆ विकास संवाददाता

मकवानपुरको थाहानगर दामन स्थित ऋषेश्वर महादेव मन्दिरमा हरिबोधिनी एकादशी पर्वका अवसरमा भव्य मेला लागेको छ । मेलामा थाहा नगरपालिका लगायत मकवानपुर, धादिङ, चितवान, काठमाण्डौ, बारा, पर्सा, काभ्रे तथा तिब्बतबाट समेत हजारौंको संख्यामा श्रद्धालु भक्तजन र मेला भर्न आएका थिए ।

मन्दिरमा परिसरमा बाबियोको डोरीमा फूलपाती राखेर 'फुल तार्ने' प्रचलन समेत रहेको छ । ऋषेश्वर महादेवको दर्शन गरे मनले चिताएको कुरा पुरा हुने र छोरा मागे पाइन्छ भन्ने विश्वास छ । पहराको बीचमा महादेबले त्रिशुल घोप्दा पानी निस्किएको किम्बदन्ती छ । हिन्दुहरूको आराध्यादेव ऋषेश्वर महादेव महत्वपूर्ण मानिन्छ । मकवानपुरको उत्तरी क्षेत्र मानिने दामनमा, आस्थावानहरूको आस्थाकेन्द्र श्री ऋषेश्वर महादेवको चर्चित मन्दिर अवस्थित छ । त्रिभुवन राजपथ अन्तर्गत पर्ने यो मन्दिर सडक खण्डबाट पौने घण्टाको पैदलयात्रा पछि पुग्न सकिन्छ । उक्त बाटो अलि कठिन हुनुका साथै उकालो पनि छ ।

मन्दिरबारे पौराणिक धेरै किंवदन्तीहरू छन् । यसबारे कसैको के भनाइ छ भने- भगवान शिवलाई होहल्ला भएको ठाउं मन नपर्ने हुंदास यो सुनसान, कसैले नदेख्ने प्रदूषणरहित ठाउँ मन परेकोले त्यो डांडाको ढुङगामा आइबसेका र एकजना पण्डितले सो कुरा थाहा पाई श्री ऋषेश्वर महादेवको नाम दिई मन्दिर स्थापना गरे । ती पण्डितले उक्त ढुङगामा स्थापित भगवानलाई सुनको मुकुट



लगाइदिएका थिए र एकजना लोभी मान्छेले उक्त मुकुट चोर्न खोज्दा अन्धो भएको लोकोक्ति छ । पाप गर्न खोज्दा श्री ऋषेश्वर महादेवले उक्त व्यक्तिलाई सजाइदिएका हुन् भन्ने किंवदन्ती चलेको पाइन्छ ।

आफूले आँटेतोकेको काम सम्पन्न होस् भनी भाकल गर्न स्थानीय, स्वदेशी तथा विदेशी पर्यटकहरूको सो मन्दिरमा दैनिक घुँचो लाग्ने गर्दछ । मागेको कुरा पूरा पनि हुने गरेको स्थानीय बासिन्दाको भनाइ छ । प्रत्येक वर्ष ठूलो एकादशी, फागु पूर्णीमा, शिवरात्रिको दिन यहां ठूलो मेला लाग्ने गर्दछ। उक्त मेला भर्न स्थानीय तथा देशविदेशका हिन्दू तथा बुद्ध धर्मावलम्बीहरू आउने गर्दछन् । उक्त मन्दिर वरपर धार्मिक उद्देश्य मात्र नभएर, मनोरञ्जनका लागि मानिसहरू साथी, परिवारका साथ आउने गर्दछन् । मन्दिर नजिक एउटा पानीको शुद्ध कुण्ड छ। जुन कुण्डको पानीले सबैको अपवित्रता हटाउंछ भन्ने धार्मिक विश्वास रहिआएको छ । उक्त कुण्डबाट दूधजस्तै पानी निस्कने गरेको स्थानीय बासिन्दा बताउंछन् ।

तथा वौद्ध समुदायको आस्थावान गुरू रिम्पोक्षेले तपस्या गरेको स्थान पनि यही स्थानमा पर्छ । यहाँ हिन्दु र वौद्ध दुबै समुदायका भक्तजन सहभागी हुने गरेका छन् ।

## कस्तो छ ऋषेश्वर परिसर ?

मकवानपुर थाहानगर दामनस्थित चर्चित मन्दिर ऋषेश्वर महादेव मन्दिर प्राकृतिक छटाले भरिपूर्ण, विभिन्न हिमशृङ्खलाको सुन्दर दृश्य अवलोकन गर्न सकिने, स्वदेशी तथा विदेशी पर्यटकको शान्त पर्यटन स्थल हो । २२५० मिटरको उंचाइमा रहेको दामन भौगोलिक तथा सांस्कृतिकरूपले सांच्चिकै प्रकृतिको सुन्दर उपहार हो। चारैतिर हरियो वन, अनि त्यहांबाट देखिने सुन्दर दृश्यहरू सूर्योदय र सूर्यास्त, डाँडाकांडाबाट हामफालेको कुहिरोको मुस्लो, अनि पहाडका कुनाकुनाबाट निस्केका कञ्चन पानीको छन्छन्ले जो कोहीको चिन्तापीर केही बेर हटाइदिन्छ ।

बाह्रै महिना जाडो हुने यो ठाउँ धार्मिक तथा ऐतिहासिकरूपले पनि

# नगरस्तरीय प्रथम स्वच्छन्द भैरव खुल्ला कराते प्रतियोगितामा आयोजकलाई उपाधि

◆ विकास संवाददाता

मकवानपुरको थाहानगरमा संचालन भएको प्रथम स्वच्छन्द भैरव नगरस्तरीय खुल्ला कराते प्रतियोगितामा आयोजक प्रथम भएको छ । स्वच्छन्द भैरवले ८ स्वर्ण, ४ रजत र १४ कास्य सहित प्रथम हुन सफल भएको हो । नेपाल सितोरियो कराते डो संघ शाखा डोजो स्वच्छन्द भैरव चित्लाङले १९ कात्तिकमा थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङको माझगाउँ हात्तिसारमा प्रतियोगिता भएको हो ।

प्रतियोगितामा ५ स्वर्ण, ७ रजत र १३ कास्य सहित गोजिरियो थाहा डोजो पालुङ दोश्रो र ५ स्वर्ण, ७ कास्य र ७ रजत सहित बज्रवाराही डोजो तेश्रो हुन



सफल भए ।

सम्राट बलामीको सभाध्यक्षतामा भएको प्रतियोगिताको थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले उद्‌घाटन गरेका थिए । समारोहमा थाहानगर उपप्रमुख भरत गोपाली, थाहानगर खेलकुद विकास समिती संयोजक टिकाराम स्याङ्‌तान, वडा नम्बर ९ का अध्यक्ष राजकुमार वलामीलगायतका आतिथ्यता रहेको थियो ।

प्रतियोगितालाई स्वच्छन्द भैरव युवा क्लव, न्र्पाल तरूण दल, तलेजु युवा क्लवले सहयोग गरेको आयोजकले बताएको छ ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफु मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७५३३००
२०७९ कार्तिक २१ गते सोमबार, 07 Nov. 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७





# सत्तागठबन्धनको सिम्लाङमा अन्तरक्रिया: 'काँग्रेसलाई शंका नगर्नुस्'



◆ विकास संवाददाता

नेपाली कांग्रेस थाहानगर कमिटिको आयोजनामा ४ मंसिरमा हुने निर्वाचन लक्षित अन्तरक्रिया कार्यक्रम भएको छ । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका प्रत्यक्ष उम्मेद्वारहरू र नेपाली कांग्रेस थाहानगर कमिटि पदाधिकारी, वडा सभापति र स्थानीय निर्वाचनका उम्मेद्वारहरू बीच इन्द्रसरोवर गाउँपालिकाको सिम्लाङमा अन्तरक्रिया कार्यक्रम भएको हो ।

कार्यक्रममा नेकपा (एकीकृत समाजवादी)का स्थायी समिति सदस्य तथा मकवानपुर क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य उम्मेद्वार बिरोध खतिवडा र नेकपा (माओबादी केन्द्र)की पोलिटब्युरो सदस्य, मकवानपुर ईञ्चाज तथा प्रदेश सभा मकवानपुर २ (क) उम्मेद्वार कुमारी मोक्तानले संबिधानको रक्षा र देशको विकासका लागि गठबन्धन भएको र गठवन्धन प्रति ईमान्दार भएर मतदान गर्न अनुरोध गरिन् । नेपाली कांग्रेस थाहानगरका वडा सभापतिहरूले कांग्रेसलाई विश्वास गर्न आग्रह गरेका थिए । उनीहरूले गठबन्धनका उम्मेद्वारहरूलाई मतदान गर्न आफुहरू प्रतिबद्ध रहेको प्रतिक्रिया दिए ।

नेपाली कांग्रेस थाहानगर सभापति प्रमोद कृष्ण जोशीले गठबन्धनका सन्दर्भमा नेपाली कांग्रेसलाई शंका नगर्न भनेका थिए । 'बाम लोकतान्त्रिक गठबन्धनमा नेपाली कांग्रेस संवेदनशील छ'-उनले भने । नेपाली कांग्रेस थाहानगर सभापति प्रमोद कृष्ण जोशीको अध्यक्षतामा भएको कार्यक्रममा नगर उपसभापति नवराज कार्की, नेपाली काँग्रेस वडा नम्बर १ का सभापति रूपचन गोपाली, २ का गोकर्ण बरूवाल, ४ का श्रीकृष्ण के.सी, ५ का सन्त बहादुर गुरूङ ६ का कालिचरण अधिकारी, ७ का शिबराज थिङ, १० का कुलचन्द्र अर्याल, ११ का चिन कुमार गोले १२ का उर्बान तामाङ लगागतको उपस्थिति रहेको थियो ।

चाडपर्वको संरक्षण
र सम्बर्द्धन गरौं ।
चाडपर्वमा फजुल खर्च नगरौं ।

हाम्रा साँस्कृतिक पर्वहरुको
जगेर्ना गरौं ।
मद्यपान र जुवातासजस्ता
विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी